नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

प्रेस विज्ञप्ती

१३७औं अन्तर्राष्ट्रिय श्रमिक दिवस (मे १) को अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रममा नेपाल सरकारका विभिन्न निकाय, रोजगारदाता प्रतिष्ठान तथा श्रमिक एवम् श्रमिकका ट्रेड युनियनका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा मा.मन्त्री रामजी यादवले मे दिवसको अवसरमा पठाउनु भएको भिडियो सन्देश प्रसारण गरिएको थियो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. दिपक काफ्लेको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा ILO का राष्ट्रिय कार्यक्रम निर्देशक श्री नुमान उच्कान लगायतबाट शुभकामना मन्तव्य व्यक्त गरिनु साथै आगामी दिनमा मन्त्रालय तथा सरोकारवालाहरुको समन्वय र सहकार्यमा आन्तरिक एवम् वैदेशिक रोजगारीको क्षेत्रमा देखापरेका श्रमिकका समस्याहरुको समाधान, राष्ट्रिय उत्पादन तथा रोजगारी बृद्धिका लागि सकारात्मक पहल गर्ने प्रतिबद्धता जनाइयो।

रा.स.स, नेपाल पत्रकार महासंघ लगायतका सञ्चारकर्मीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा मा. मन्त्री रामजी यादवले पठाउनु भएको शुभकामना भिडियो सन्देशमा मूलतः तिनवटा विषय सम्मिलित रहेका छन्:

(क) पाँचवर्षे राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमको औपचारिक शुभारम्भ गरिएको,

(ख) विदेशस्थित नेपाली राजदूतावासबाट सम्वाद, सूचना र श्रमिकका समस्या समाधानार्थ साप्ताहिकरुपमा Facebook live कार्यक्रम सुरुवात भएको र

(ग) सामाजिक सुरक्षा कोषबाट लाभग्राही श्रमिकका लागि न्यूनतम् ६ प्रतिशत व्याजदरमा डेढ करोडसम्मको घरघडेरी सापटी कार्यक्रमको घोषणा रहेका छन्।

साथै, मन्त्रालयले अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा सम्पूर्ण नेपाली श्रमिक दाजुभाइ तथा दिदीबहिनीहरुको सम्मान, सुरक्षा र समृद्धिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछ।

मेघनाथ रिमाल
सहायक प्रवक्ता/उपसचिव

मितिः वि.सं २०८३/०१/१८ गते
नेपाल संवत् ११४६ बछलाथ्व, पूर्णिमा